# रातभरि हुरी चल्यो कथामा विश्वदृष्टि

**यादवप्रसाद शर्मा**

**❋ sharmayadav134@gmail.com**

**अध्ययनसार**

*'रातभरि हुरी चल्यो कथामा विश्वदृष्टि' शीर्षकको यो अनुसन्धानात्मक लेख इन्द्रबहादुर राईद्वारा लिखित 'रातभरि हुरी चल्यो' शीर्षकको कथामा प्रस्तुत विश्वदृष्टिको विश्लेषणमा केन्द्रित रहेको छ। लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय विधिका आधारमा गरिएको छ भने सामग्रीको विश्लेषण निमनात्मक पद्धतिका आधारमा गरिएको छ। विश्लेषणका निम्ति लुसिएँ गोल्डमानको उत्पत्तिमूलक संरचनावादी सिद्धान्त अन्तर्गतको विश्वदृष्टिसम्बन्धी सिद्धान्तलाई आधार बनाइएको छ। यसरी विश्लेषण गरी प्राचीनकालदेखि नै मानिस बाँच्नका निम्ति प्रकृतिसँग सङ्घर्ष गर्दै आएको, प्रकृतिले जतिसुकै भयानक विपत्ति एवं विनास निम्त्याए पनि अन्ततः मानिसले प्रकृतिले गरेको विध्वंश एवं क्षतिलाई पुननिर्माण गरेर सच्याउँदै प्रकृतिसँग जुध्दै, सङ्घर्ष गर्दै एवं सिँगौरी खेल्दै सभ्यतालाई यहाँसम्म ल्याइपुऱ्याएको कुरा व्यञ्जित गरिएको छ। सम्पूर्ण सृष्टि एवं जीवन-जगत् नै समस्याग्रस्त छ। अतः आपत्-विपत एवं समस्याबाट भागेर कहीँ जान सकिँदैन। संसारमा कहीँ पनि समस्यामुक्त स्थान  छैन। तसर्थ समस्याबाट भागेर होइन सङ्घर्ष गरेर यथासम्भव जीवनलाई सुखी बनाउनुपर्छ भन्ने जीवनवादी दृष्टि नै कालेकी आमा र कालेको बाबुजस्ता दार्जिलिङको पहाडी ग्रामीण क्षेत्रमा थोरै जमीन लिई कृषि एवं पशुपालन गरेर बसेका निम्न तथा निम्न मध्यम वर्गीय प्रवासी नेपालीहरूको विश्वदृष्टिका रूपमा आएको छ भन्ने निष्कर्ष दिइएको छ।*

**प्रमुख शब्दावली** :  विचार, अनुभूति, संरचना, सहधर्मिता, साझा-दृष्टिकोण।

## विषयपरिचय

'रातभरि हुरी चल्यो' कथा कथाकार इन्द्रबहादुर राई (वि.सं. १९८४-२०७४) द्वारा लेखिएको कथा हो। इन्द्रबहादुर राई आधुनिक नेपाली साहित्यका प्रतिभाशाली बहुमुखी व्यक्तित्व हुन्। उनका हालसम्म *विपनाकतिपय* (२०१७), *कथास्था* (२०२८) र *कठपुतलीको मन*  (२०४६) गरी तीनवटा कथा सङ्ग्रहहरू प्रकाशित छन्। उनले आफ्नो कथा यात्राका प्रारम्भमा सामाजिक यथार्थवादी धाराको अनुसरण गरी सुन्दर कथाहरू लेखेको पाइन्छ। त्यसपछि उनले कथामा आयामेली लेखन र लीला लेखनजस्ता नवीन प्रवृत्तिहरू भित्र्याएको पाइन्छ। उनका अधिकांश कथामा दार्जिलिङको प्रवासी नेपाली जनजीवनका सामाजिक, आर्थिक, सांस्कृतिक परिवेशका साथै निम्न एवं निम्न मध्यमवर्गीय प्रवासी नेपालीहरूको जीवनको चित्रण पाइन्छ। सर्वप्रथम २०१६ सालमा प्रकाशित *विपनाकतिपय* (२०१७) मा पनि सङ्कलित 'रातभरी हुरि चल्यो' एक सामाजिक यथार्थवादी कथा हो।

विश्वदृष्टि भनेको कुनै एउटा वर्ग वा समुदायको सुसंगत साझा दृष्टिकोण हो। यसको निर्माणमा विशिष्ट प्रकारका  सामाजिक, आर्थिक र ऐतिहासिक घटना सन्दर्भहरू आधारका रूपमा रहन्छन्। समाजमा आर्थिक वर्गबाहेक अन्य विभिन्न प्रकारका वर्ग वा समुदायहरू पनि रहेका हुन्छन्। हरेक वर्ग वा समुदायले जीवन-

**❋ लेखक त्रिभुवन विश्वविद्यालयमा कार्यरत हुनुहुन्छ।**

सङ्घर्षका क्रममा भिन्न वर्ग र प्रकृति दुवैसँग सङ्घर्ष र संवाद गर्दै अघि बढ्छ। यसै आधारमा हरेक वर्गभित्र जीवन र जगत्सम्बन्धी आआफ्नै प्रकारका साझा धारणा वा दृष्टिकोणहरूको निर्माण र विकास हुन्छ। यिनै साझा धारणा वा दृष्टिकोणहरू नै विश्वदृष्टि हुन्। विश्वदृष्टिसम्बन्धी धारणा साहित्यलाई समाजशास्त्रीय कोणबाट विवेचना गर्ने विशिष्ट प्रकारको विधि वा पद्धति हो। यस पद्धतिका प्रवर्तक फ्रान्सका समीक्षक एवं समाजशास्त्री लुसिएँ गोल्डमान (सन् १९१३-१९७१) हुन्। प्रस्तुत 'रातभरि हुरी चल्यो' कथाका परिवेशमा पनि विभिन्न प्रकारका वर्गहरू छन् र ती सबैका आआफ्नै प्रकारका विश्वदृष्टिहरू छन्। ती विश्वदृष्टिहरूको निर्माण त्यस क्षेत्रको खास सामाजिक, आथिक तथा ऐतिहासिक परिवेशमा भएको छ। तिनको विशिष्ट साहित्यिक तथा सामाजिक मूल्य र महत्त्व पनि छ। त्यसैले यस लेखमा 'रातभरि हुरी चल्यो' कथामा प्रतिबिम्बित विश्वदृष्टिको खोज, अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ। साहित्यको समाजशास्त्रीय विश्लेषणका विभिन्न पद्धतिहरू रहेका तथा गोल्डमानकै सन्दर्भमा पनि विविध पक्ष एवं दृष्टिकोणहरू रहेका भए तापनि यहाँ उनको विश्वदृष्टिका आधारमा 'रातभरि हुरी चल्यो' कथाको विश्लेषण गरिएको छ।

लुसिएँ गोल्डमेनद्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय चिन्तनको मुख्य आधार विश्वदृष्टिका सैद्धान्तिक मान्यतामा इन्द्रबहादुर राईको 'रातभरि हुरी चल्यो' कथाको विश्लेषण गर्ने प्रयत्न गरिएको प्रस्तुत अध्ययनको मुख्य समस्या उक्त कथामा के कस्तो विश्वदृष्टि वा सामूहिक चेतना अभिव्यञ्जित छ ? भन्ने रहेको छ। इन्द्रबहादुर राईको 'रातभरि हुरी चल्यो' कथालाई कथाको विधा सिद्धान्तका साथै कथा विश्लेषणका विभिन्न आधारमा विश्लेषण गर्न सकिन्छ। त्यसरी नै साहित्यको समाजशास्त्रीय चिन्तनका अन्य सिद्धान्तहरू अँगालेर पनि यस कथाको अध्ययन गर्न सकिन्छ। परन्तु यस अध्ययनको उद्देश्य उक्त कथामा रहेको विश्वदृष्टिको गवेषण गर्नु रहेको छ।

यस लेखका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ। सामग्री विश्लेणका लागि प्रमुख सैद्धान्तिक आधार निर्माण र परीक्षणीय सामग्रीको सङ्कलन पश्चात् यसको विश्लेषण गर्ने कार्य निगमनात्मक विधिद्वारा गरिएको छ। समग्र विश्लेषणका लागि साहित्यको समाज शास्त्रीय चिन्तनअन्तर्गत गोल्डम्यानको उत्पत्तिमूलक संरचनावादको केन्द्रीय मान्यता विश्वदृष्टिले अघि सारेका आधारभूत प्रस्थापनाहरूलाई आधार बनाइएको छ। सामग्री सङ्कलनका क्रममा इन्द्रबहादुर राईद्वारा रचित 'रातभरि हुरी चल्यो' कथालाई प्राथमिक/आधारभूत सामग्रीका रूपमा र सम्बन्धित विषयका विद्वान्हरूको पूर्वकार्यबाट सङ्कलित सामग्रीलाई द्वितीयक/गौण सामग्रीका रूपमा उपयोग गरिएको छ। यसरी प्राप्त सामग्रीलाई विश्लेषणात्मक विधिको उपयोग गरी निष्कर्ष निकालिएको छ।

**विश्लेषणको सैद्धान्तिक आधार**

लुसिएँ गोल्डमान (१९१३-१९७१) बीसौं शताब्दीको साहित्यको समाजशास्त्रका एक सशक्त फ्रान्सेली चिन्तक हुन्। उनको चिन्तन एवं लेखनको मुख्य समयावधि १९५० देखि १९७० सम्मको दुई दशक मात्र रहे तापनि साहित्यको समाजशास्त्रको विकासमा उनको महत्त्वपूर्ण योगदान रहेको छ। 'दर्शन, मनोविज्ञान अनि समाजशास्त्र हुँदै साहित्यको समाजशास्त्रतर्फ प्रवृत्त भएका तथा संरचनावादबाट पनि प्रभावित भएका हुनाले

उनका चिन्तनमा यस्तो व्यापकता पाइन्छ जो केवल साहित्यसेवी अन्य समाजशास्त्रीहरूको चिन्तनमा पाइँदैन (पाण्डेय, सन् २००६, पृ. १४५)।' गोल्डमान प्रसिद्ध मार्क्सवादी समालोचक जर्ज लुकाच (१८८५-१९७१) बाट प्रभावित/उत्प्रेरित थिए परन्तु उनी आफ्ना प्रेरणास्रोत जर्ज लुकाचझैँ प्राचीन र समकालीन साहित्यका बीचमा पर्खाल सिर्जना गरेर केवल कुनै एक कित्तामा रहेनन्। उनले प्राचीन कालजयी कृतिहरूका साथै समकालीन कृतिहरूको पनि समालोचना गरेका छन्। 'मार्क्सवादबाट प्रभावित भए पनि मार्क्सवादको वर्ग सङ्घर्ष र वर्ग चेतनासम्बन्धी मान्यतामा फरक दृष्टि राख्दै उनले आफ्नो साहित्यसम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिएका छन् (पाण्डेय, २०६८, पृ. २०)।' उनको मुख्य सिद्धान्त उत्पत्तिमूलक संरचनावाद (Genetic Structuralism) साहित्यको समाजशास्त्र मात्र नभएर संस्कृतिका विविध रूपको ऐतिहासिक सामाजिक विशिष्टताको विश्लेषण पद्धति पनि हो, विश्वदृष्टिको धारणा नै गोल्डमानको समाजशास्त्रको मूलभूत पक्ष हो।

लुसिएँ गोल्डमानका अनुसार 'कुनै पनि साहित्यिक कृति व्यक्ति विशेषद्वारा रचिए तापनि त्यस रचनाको मूलमा लेखकद्वारा अनुभूत विश्वदृष्टि हुन्छ। लेखकद्वारा अनुभूत विश्वदृष्टि र बाहिरी जगत्-प्रपञ्चमा तारतम्य खोज्नु समालोचकको काम हो (सिंह, सन् २०११, पृ. ९१)।' साहित्यिक कृति लेखकको सिर्जना भएको र त्यसले लेखकका विचार एवं अनुभूति व्यक्त गरे पनि त्यसमा नितान्त लेखकका मात्र विचार एवं अनुभूति हुँदैनन्। लेखक समाजका अन्य व्यक्तिको चिन्तनबाट पनि प्रभावित हुन्छ। ऊ समाजका विविध वर्ग, समूह वा समुदायका व्यक्तिहरूका विचार र अनुभूतिसँग आफू जोडिएर प्रस्तुत हुन्छ। अतः साहित्यिक कृतिमा सामूहिक वा परावैयक्तिक चेतना अभिव्यक्त हुन्छ। त्यसैले कृतिको विश्लेषण गर्दा सामूहिक वा परावैयक्तिक चेतना कसरी अभिव्यक्त भएको छ ? र त्यसको निर्माण के कस्तो ऐतिहासिक पृष्ठभूमिमा भएको छ ? भन्ने कुराको अन्वेषण गर्नुपर्छ। ल्युसिएँ गोल्डमानका अनुसार कुनै समुदायमा मानसिक संवर्ग यस्ता प्रवृत्तिहरूका रूपमा स्थित हुन्छन् जुन सुसङ्गतितर्फ अग्रसर भइरहेका हुन्छन् यही सुसङ्गतिलाई विश्वदृष्टिको नाम दिइएको हो (जैन, सन् १९९२, पृ. ५१)। समाजको कुनै पनि एउटा वर्ग वा समुदायको जीवन-जगत्प्रतिको सुसङ्गत दृष्टिकोण नै विश्वदृष्टि हो। समाजका सदस्यहरूको विचार, इच्छा-आकाङ्क्षा र भावनाको अन्तर्सम्बन्ध र तिनको मिश्रणले समाजका सदस्यहरूलाई एक अर्कामा सम्मिलित गराएको हुन्छ यसैबाट विश्वदृष्टिको विकास हुन्छ (क्षेत्री, २०६४, पृ. ४५)। गोल्डमानका अनुसार समाजका वर्ग तथा समूहको चेतना तथा इच्छा-आकाङ्क्षा र विचारलाई सुसङ्गत ढङ्गले आत्मसात् गर्दै काल्पनिक एवं वैचारिक धरातलमा समाजको सामूहिक चेतना वा सामाजिक विचारहरूको अन्तर्सम्बन्धको अधिकतम चेतनालाई बोध गरी अभिव्यक्त गर्न सक्ने असाधारण व्यक्तिहरू नै लेखक, कलाकार तथा दार्शनिकहरू हुन्छन् (क्षेत्री, २०६४, पृ. ४५)। कुनै पनि व्यक्ति विभिन्न प्रकारका पेसा, जाति, धर्म, लिङ्ग आदिका आधारमा बन्ने कुनै वर्ग वा समुदायसँग सम्बद्ध हुन्छ। व्यक्ति व्यक्तिको चेतनाले समूह वा वर्गको चेतनामा प्रभाव पार्दछ र समूहले आफ्नो सदस्यको चेतना, भावना र व्यवहारलाई पनि प्रभावित पार्दछ। जीवन यापनका क्रममा समाजमा मानिस मानिस या मानिस र प्रकृतिका बिचमा हुने अन्तर्क्रिया र सङ्घर्षका कारण विविध चेतनाको सिर्जना हुन्छ। परन्तु एउटा समूहभित्र जीवन-जगत्प्रति एउटा साझा दृष्टिकोण वा

चेतनाको विकास हुन्छ। त्यही दृष्टिकोण वा चेतना नै विश्वदृष्टि हो। यसरी सामाजिक समूह नै रचनाको विषय बन्न पुग्छ। रचनाका तत्त्व र सरचनाबिच जस्तो सम्बन्ध रहन्छ कृति र सामूहिक वर्गबीच पनि त्यस्तै सम्बन्ध रहन्छ (ढकाल, २०७३, पृ. २५)। कुनै पनि समुदाय वा वर्ग स्रष्टाका माध्यमबाट साहित्य तथा कलासँग सम्बद्ध हुन्छ र कृतिको विषय बन्नपुग्छ। कृतिको विषयवस्तु र कृति एक आपसमा अन्तर्सम्बन्धित भएर्भैं कृति र समुदायबीच पनि अन्तर्सम्बन्ध हुन्छ। कुनै पनि एक जना व्यक्तिको अनुभव अत्यन्त सीमित र सङ्कुचित हुने हुँदा त्यसबाट सार्थक मानसिक संरचना वा दृष्टिकोणको विकास हुन सक्दैन; एउटा सामाजिक वर्गले मात्र लामो समयमा सार्थक मानसिक संरचना वा दृष्टिकोणको विकास गर्न सक्छ (अधिकारी, २०७३, पृ. १३६)। कृतिको विषय समुदाय र त्यसको चेतना रहेको हुन्छ भने कृतिकारले कल्पना एवं विचारका माध्यमबाट समुदायको अधिकतम सामूहिक चेतनालाई अभिव्यक्त गरेको हुन्छ। यसको अभिव्यक्तिका लागि वर्गगत, समूहगत, लिङ्गगत, पुस्तागत, प्रजातिगत आदि विभिन्न केन्द्र निर्माण भएका हुन्छन्। विभिन्न वर्ग वा समुदाय विश्वदृष्टिका केन्द्र बन्न सक्छन् (गुरागाईं, २०७७, पृ. ९)। यसरी साहित्यमा व्यक्त सामूहिक चेतना नै गोल्डमानका दृष्टिमा विश्वदृष्टि हो। लेखकले कृतिमा अभिव्यक्त गरेको विचार वा चेतनामा समाजका वर्ग वा समूहको सहभागिता रहेको हुन्छ। कृतिभित्रको संरचनासँग कुनै वर्गको विश्वदृष्टिको संरचनाले समानधर्मिता कायम गरेको हुन्छ र गोल्डमान यसलाई संरचनाको समानधर्मिता भन्दछन् (ढुङ्गाना, २०७३, पृ. १५३)। यसरी एउटा वर्ग वा समूहको सम्भावित चेतना नै विश्वदृष्टिका रूपमा देखापर्छ। गोल्डमानका अनुसार साहित्यिक कृतिभित्र रहेको विश्वदृष्टिको अन्वेषणबाट कृतिमा चित्रित समाजका मानिसहरूको वर्गीय वा सामूहिक चेतनालाई पूर्ण रूपमा जान्न सकिन्छ। कुनै पनि कृतिको व्याख्या व्यक्तिगत भावनाका आधारमा मात्र गर्नु उचित हुँदैन। कृतिलाई सामूहिक चेतनाको संरचनाको तात्पर्यमा लिनु न्यायोचित हुन्छ। अतः लेखकका कोणबाट व्यक्त भएको एउटा समूह वा वर्गको जीवनजगत्प्रतिको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो (क्षेत्री, २०६४, पृ. ४७)। समाजको सामूहिक चेतना वा विश्वदृष्टि त्यस समाजमा रहेका वर्ग वा समूहका भावना, विचार तथा कर्मद्वारा अभिव्यक्त हुन्छ। विश्वदृष्टिको अभिव्यक्ति धर्म, संस्कृति, दर्शन, कला तथा साहित्यमा भिन्नभिन्न रूपमा हुने भए तापनि यसको मूल आधार एवं रूप एउटै हुन्छ। निश्चित ऐतिहासिक युग वा कालखण्डमा एउटा वर्ग वा समुदायको अनुभूति, विचार र व्यवहार विश्वदृष्टिभित्र समेटिएको हुन्छ। सामूहिक जीवनमा विश्वदृष्टिको स्वतः विकास हुन्छ। यसलाई कुनै व्यक्तिविशेषले सिर्जना गर्दैन परन्तु यसको विकासका निम्ति वा यसको विकासबाट सङ्घर्ष एवं आन्दोलन भने हुनसक्छ।

एउटा ऐतिहासिक युग वा कालखण्डमा जुन विश्वदृष्टि प्रगतिशील हुन्छ त्यही विश्वदृष्टि समाजको फेरिएको परिस्थितिमा वा अर्को युग/कालखण्डमा प्रतिक्रियावादी भूमिकामा हुनसक्छ (पाण्डेय, सन् २००६, पृ. १४५)। गोल्डमानका अनुसार 'विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहित हुन्छ परन्तु त्यो दर्शन, कला वा साहित्यमा अभिव्यक्त हुन्छ। त्यसैले विश्वदृष्टिको खोज वर्गको अध्ययनबाट नगरेर कृतिको अध्ययनबाट गर्नुपर्दछ (पाण्डे, २०७३, पृ. १९)।' यसो भए तापनि कृतिको विश्वदृष्टिको प्रामाणिकताको पहिचानका लागि वर्गको जीवनमा निहित विश्वदृष्टिको अनुसन्धान आवश्यक हुन्छ (पाण्डेय, सन् २००६,

पृ. १४५) । यस अर्थमा 'विश्वदृष्टि कृति बाहिरको सामूहिक चेतना र कृतिभित्रको सामूहिक चेतना बिचको अन्तर्सम्बन्धको खोजी हो (पोखेल, २०७१, पृ. ?) ।' कुनै पनि साहित्यिक कृति साहित्यकार रहेको समाजको सामाजिक स्थिति, साहित्यकारको सामाजिक वर्ग/समूह तथा उक्त समाजभित्र रहेका अन्य वर्गहरूको मूल्यको मिश्रणबाट पैदा हुन्छ। साहित्यकारले आफ्नो रचनाका माध्यमबाट आफ्नो समूह वा सामाजिक वर्गको महत्त्वपूर्ण विचार वा चेतनालाई संरचित गर्दै सामाजिक, राजनैतिक एवं वैचारिक आकाङ्क्षाको सन्निकट रहेर सुसङ्गत रूपमा अभिव्यक्त गर्दछ। यसरी साहित्यिक कृति समाजसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुने हुनाले साहित्यिक कृतिको मूल वा अन्तिम अर्थ पनि समाजका वर्ग वा समूहको चेतनाका रूपमा आएको हुन्छ भन्ने गोल्डमानको आशय हो ।

विश्वदृष्टि भनेको कुनै एउटा वर्ग वा समुदायको सुसंगत वा साझा दृष्टिकोण हो । यसको निर्माणमा विशिष्ट प्रकारका सामाजिक र ऐतिहासिक घटना सन्दर्भहरू आधारका रूपमा रहन्छन् । समाजमा आर्थिक वर्गबाहेक अन्य प्रकारका वर्गहरू पनि हुन्छन् । हरेक वर्गले जीवन भोग्ने क्रममा भिन्न वर्ग र प्रकृति दुवैसँग सङ्घर्ष र संवाद गर्दै अघि बढ्छ। यसै आधारमा हरेक वर्गभित्र जीवन र जगत्सम्बन्धी आआफ्नै प्रकारका साझा धारणा वा दृष्टिकोणहरूको निर्माण र विकास हुन्छ र यही साझा धारणा वा दृष्टिकोण नै विश्वदृष्टि हो। विश्वदृष्टि साहित्यलाई समाजशास्त्रीय कोणबाट विवेचना गर्ने विशिष्ट प्रकारको विधि वा पद्धति हो। गोल्डमानको समाजशास्त्रको मूल अभिप्राय कृतिको आन्तरिक एकतामा अन्तर्निहित विश्वदृष्टिको खोज गरी उक्त विश्वदृष्टिसँग मूलभूत सामाजिक वर्ग वा समूहको विश्वदृष्टिको सम्बन्धको विवेचना गर्नु हो। यसर्थ गोल्डमानका विचारमा विश्वदृष्टिको अन्वेषण वर्ग वा समूहको अध्ययनबाट भन्दा कृतिको अध्ययनबाट गर्नुपर्दछ। सफल लेखकको सफल कृतिमा कृतिभित्रको विश्वदृष्टिको संरचना र वर्ग वा समूहको विश्वदृष्टिको संरचनाको सहधर्मिता हुनुपर्दछ। अतः साहित्यिक समाजशास्त्रीले साहित्यको अध्ययन गर्दा आफ्नो अध्ययनमा संरचनाको सहधर्मिता खोज्नुपर्दछ भन्ने गोल्डमानको मान्यता रहेको छ। यहाँ गोल्डमानको यही मान्यतालाई आधार बनाएर 'रातभरि हुरि चल्यो' कथामा अभिव्यञ्जित विश्वदृष्टिको गवेषण गरिएको छ।

**कथालेखनको सन्दर्भ**

'रातभरि हुरी चल्यो' कथा सर्वप्रथम २०१६ सालमा छापिएको र त्यसपछि २०१७ मा प्रकाशित इन्द्रबहादुर राईको 'विपना कतिपय' कथा सङ्ग्रहमा सङ्ग्रहित कथा हो। यो कथा उनी 'आयामेली आन्दोलनमा लाग्नु पूर्व नै लिखित तथा प्रकाशित सामाजिक यथार्थवादी कथा हो। यो कथा उनका कथाहरूमध्ये सबैभन्दा पहिला प्रकाशित कथा पनि हो। यस कथामा उनले दार्जिलिङको भौगोलिक, सामाजिक र सांस्कृतिक परिवेशमा निम्न तथा निम्नमध्यम वर्गीय प्रवासी नेपालीहरूको जीवनको चित्रण गरेका छन् ।

**'रातभरि हुरी चल्यो' कथामा अभिव्यञ्जित विश्वदृष्टि**

'रातभरि हुरी चल्यो' कथामा मूलतः दार्जीलिङको पहाडी ग्रामीण क्षेत्रमा थोरै जमीन लिई कृषि एवं पशुपालन गरेर बसेका निम्न आर्थिक अवस्थाका कालेकी आमा र कालेको बाबुजस्ता नेपालीहरूले निम्न आर्थिक अवस्था एवं प्रकृतिसँग गरेको सङ्घर्षलाई चित्रण गरिएको छ। परन्तु कथामा दार्जीलिङकै सहरी क्षेत्रमा बस्ने मोक्तान बाबुकी श्रीमती (बाबुनी), थानाको दरोगाकी श्रीमती दोरङ्गिनी, बी.बी. गुरूङकी मोटी स्वास्नी तथा चौकीदारकी स्वास्नीजस्ता पात्रहरू पनि आएका छन्। यी सबै पात्रहरूको जीवनदृष्टि आ-आफ्नै किसिमको रहेको पाइन्छ।

कालेकी आमा र कालेको बाबु दार्जीलिङको पहाडी ग्रामीण क्षेत्रमा थोरै जमीन लिई कृषि एवं पशुपालन गरेर बसेका छन्। उनीहरू मट्टितेलका टिनहरूबाट छानो बनाइएको छाप्रोमा बस्छन् र त्यस्तै किसिमको गोठ बनाएर पशुपालन गर्छन्। जम्मा दुई एकड जमिनका सहारामा खेतिपाती र पशुपालन गरेर जीवनसङ्घर्ष गरिरहेका उनीहरूलाई एकपटक परेको एक हप्ते झरीले विचलित तुल्याउँछ। त्यही एक हप्ते झरीका समयमा परेको एक रातको झरी र हुरीको संयुक्त प्रकोपबाट उनीहरू निकै भयभीत हुन्छन्। पहिरोले सबै बगाएर लैजान्छ या सब सोहोरेर माथिबाट छोप्छ कि भन्ने भयले महाकाल बाबालाई पुकार्न थाल्छन्। यसैबिच कालेकी आमा र कालेका बाबुमा नोकझोक पनि चल्छ। लोग्नेले झोक्किँदै स्वास्नीलाई "तेरै जिद्दीले यस्तो ठाउँमा घर बनाएको ! नभएदेखि मजासँग पुलिस काम गरेर बजारबिचमा बिल्डिङमा बस्दै थियौँ, हावाको डर न पहिराको डर..." भन्छ। प्रत्युत्तरमा श्रीमती केही नबोलेपछि "बडा बारी गर्ने भइस्। ठुलो भाग खालिस्।" भन्दै फतफताउँछ। यसपछि कालेकी आमाले प्रत्युत्तरमा "तिमी जाऊ न सुत ढुक्कसँग...असारे झरी यस्तै त हुन्छ, के गर्नु, बर्सैपिच्छे यस्तै हुन्छ; मऱ्यौँ पहिरोले भने मऱ्यौँ मऱ्यौँ, के गर्नु, काल आयो भने..." भन्छे। श्रीमतीले यसो भन्दा श्रीमान् रिसाउँदै "काल खोज्न आइस् मर्छेस् पनि।" भन्छ।

यसरी कालेकी आमा र कालेको बाबुले घरी घरी चिया खाँदै पानी चुहेको ठाउँमा भाँडा थापेर घरभित्र हिलो हुनबाट बचाउने प्रयास गर्छन्। दैलो खोलेर बाहिर अँध्यारोमा सुन्दा भयानक तौरले पाखै थर्काएर रुङदुङ खोला गर्जेको सुनिन्छ। कालेको बाबुले खोलाले सिङ्गै खनिउको रुख बगाएर ल्याएको र पहिरो झरेर माटोले खोलाको जम्मै पानी पहेँलो भएको लख काट्छ। फर्केर घरभित्र नपसी निष्पट्ट अन्धकारबाट नै कालेको बाबुले स्वास्नीसँग टर्च मगाउँछ र गोठतिर जान्छ। गोठका चादरहरू हावाले उडाइदिएको छ। छानादेखि चुहिएको पानीले गाईहरू भिजेका छन्। उडाएका टुक्रा च्यादरहरू बटुलेर कालेको बाबु गोठको छप्परमा चढ्छ। टिनहरू मिलाएर ढुङ्गाले थिच्छ। कालेकी आमाले भुइँमा खोजेर एउटा ठुलो लेउ परेको चुच्चे ढुङ्गो उखेलेर छप्परमा चढाइदिई। त्यसलाई छप्परमा चढाएपछि बाक्लो पानी पर्न थाल्छ र गाईलाई घाँस हालेर दुवैजना घरमा पस्छन्। भिजेका लुगा फेरेपछि दुबैजना नाटकमा माग्नेको पाठ खेल्न तयार भएका जस्ता देखिन्छन्। हुरीले छप्पर उडाउने भयले भयभीत कालेको बाबुले दाम्लो बनाउन ल्याएर सिउरिराखेको डोरी झिकेर बलोमा बाँध्छ र डोरीको लठारो बलामा कसेपछि अलि ढुक्क हुन्छ। आगो फुकेर सेकिएपछि कालेकी आमा लोग्नेका लागि कित्लीमा चिया बसाइदिएर आफु सुत्न टाँडमा चढ्छे। कालेको बाबु एक्लै

विचारमग्न हुन्छ। चिया उम्लेर कित्लीको टुटीबाट फिँजदार पानी आगामा खसेपछि मात्र झस्किएर उसको विचारप्रवाह भङ्ग हुन्छ। चिया बनाउँदै गर्दा हुरी चलेर छप्परमा एक्कासी केही आएर ठङ्ग खस्ता कालेको बाबु एकदम तर्सिन्छ। हावापानी नचलेर केही शान्तिजस्तो भएपछि बत्ती नमारी ऊ ओछ्यानमा सुत्न जान्छ। ओछ्यानमा पल्टेर उसले "दिउसो छरेको मुलाको बिउ सब बगायो होला; गराको डिल भत्केर सयपत्रीका कति बोटहरू पनि भाँचिए होलान् ; अब भोलि बिहानै उठेर घरमाथि भीमसेन पातीको झ्याङदेखि उता ठुलो कुलो काटेर भल तर्काउनुपर्छ" भन्ने कुरा विचार गर्छ।

कालेको बाबु अलिकति निदाएर बिउँझदा फेरि हावापानी चल्दै रहेछ। घरै उडाउलाजस्तो गर्दै जुरुक जुरुक उचाल्दै थियो। वरिपरिका रुखहरूमा ठोक्किएर बजेको हावापानी भयानक रूपमा गर्जदै रहेछ। उठेर उसले स्वास्नीलाई बिउँझाउँछ र भन्छ, "सारो हुरी चल्यो, कसो गर्नु हैं माइली ?" कालेकी आमाले जवाफ दिन नपाउँदै धडडड गरेर घरको भुइँ सब हल्लन्छ। कालेको बाबु टर्च टिपेर दैलो खोल्न पुग्छ। कालेकी आमा पनि आएर उसको पछाडि उभिन्छे। टर्च बालेर राम्ररी हेर्दा आँगनको एक पाखै ह्वात्तै घस्केर पहिरो गएछ। हेर्दाहेर्दै छेउको एउटा किम्बुको रुख पनि त्यही पहिरोमा लड्यो। कालेकी आमा डराई। लोग्नेले श्रीमतीलाई "तिमी जाऊ, केटाकेटीलाई उठाऊ।" भन्यो र भागेर आफ्नो परिवारको ज्यान जोगाउने कुरा सोच्दै टर्च मारेर दैलोमा उभिइरह्यो। उसलाई वृष्टि र कुहिरोभित्र बिहान हुन थालेको आशाको धमिलो प्रकाश देखेजस्तो लाग्यो। नभन्दै उसको शङ्काको निवारण गर्दै घरभित्र डोकाले छोपेको ठुलो भाले पखेटा भ्याटभ्याट गर्दै 'कुखुरीऽऽऽकाँऽऽऽ' गरेर बास्यो। यसरी कालेको बाबु र कालेकी आमाले रातभरि झरी एवं हुरीबताससँग सङ्घर्ष गर्छन्।

बिहान दुधको ढुङ्ग्रो काँधमा बोकेर कालेकी आमा दुध पुऱ्याउन बजारतिर हिंड्छे। त्यतिबेला कालेको बाबु बोराको घुम ओडेर कोदालाले भल काट्दै थियो। उसले कालेकी आमालाई घर तथा गोठका छप्परका मट्टितेलका टिनहरूमा ठोक्नका लागि लामो काँटी किनेर ल्याउन नभुल्नू भनी सम्झायो। कालेकी आमाले पनि पानी परेमा छोरा कालेलाई स्कुल नपठाउन भनी।

करिब डेढ घण्टा जति हिंडेपछि कालेकी आमा कचहरीनेर रहेको मोक्तान बाबुको घरमा आइपुगी। त्यहाँ दिने गरेको आधा सेर दुध भर्दै गर्दा तरुण उमेरकी बाबुनीले दया देखाउँदै एक प्याला तातो चिया खाएर जान आग्रह गरेपछि कालेकी आमा छाता दैलोमा ठड्याएर भित्र पसी। कालेकी आमा बाबुनीसँग भन्छे "के सारो चल्यो हावापानी रातभरि... हामी त रातभरि झिमिक्क गरेका छैनौं।" यसको जवाफमा बाबुनी भन्छे "हामी पनि त, रातभरि सुतेका छैनौं, हावाले यो खिर्की घिटिक घिटिक, घिटिक घिटिक हल्लाइरह्यो, मलाई त निद्रै लागेन। कस्तो हावा चलेको त्यस्तो।"

यहाँ कालेकी आमा र मोक्तान बाबुकी श्रीमती (बाबुनी) का आआफ्नै किसिमका समस्या छन्। कालेकी आमा हावाहुरीले सुत्न साँच्चै मुस्किल छ भने मोक्तान बाबुकी श्रीमती (बाबुनी) लाई खिड्कीको आवाजले दिक्क पारेको छ। तर दुवैथरी कुनै न कुनै समस्याबाट पीडित छन्।

कालेकी आमा भन्छे, "ए ! त्यति मात्तै पो ? हाम्रो झन्डै घर उडाएको हावाले । यहाँ त के, पैराको डर छैन तिमारलाई । हाम्रो आगनै जम्मै लग्यो । अब घरै लान लागेको छ । पानी पऱ्यो भन्न पाउँदैनौं हामी, गाईलाई भोकै राख्न भएन, घाँस काट्न दगुर्नै पर्छ । राति निद्रा आएन भनेर दिउँसो सुत्न पाउँदैनौं हामी .... ।"

बाबुनी भन्छे, "भन्नु मात्रै त हामीलाई राम्रो छ नि, छप्पर चुहिएर लुगाहरू किताबहरू सब बिगारी दिएको छ । यै बेला बिजुली बन्द हुन्छ ।"

कालेकी आमा र मोक्तान बाबुकी श्रीमती (बाबुनी) का आआफ्नै किसिमका समस्या छन् । कालेकी आमाको घरको छप्पर झन्डै हावाले उडाएको छ; आगन पहिराले लग्यो अनि घरै लान्छ कि भन्ने डर छ । पानी परे पनि गाईलाई घाँस काट्न दगुर्नै पर्छ । राति निद्रा आएन भनेर दिउँसो सुत्न पाउँदिन । तर मोक्तान बाबुकी श्रीमती (बाबुनी) लाई भने छप्पर चुहिएर लुगा र किताबहरू भिजाइदिने र बिजुली बन्द हुने समस्याले सताएको छ । कालेकी आमाले ग्रामीण क्षेत्रको भन्दा बजारतिरको जीवन सहज देखेकी छे । तर बाबुनीले भने त्यहाँको पनि समस्या प्रस्तुत गरेकी छे । दुवैतिर समस्या त छ, परन्तु दुवैतिरको समस्याको गहिराइ र जटिलतामा भिन्नता छ । कालेकी आमा मोक्तान बाबुकी श्रीमती (बाबुनी) कहाँ दुध दिएर अगाडि बढ्दा केबल एकसरो लाउन र दुई छाक खान यसरी जोतिनु मूर्खता ठान्दै थानाको दरोगाकी श्रीमती ( दोरङ्गिनी) कहाँ पुग्छे । त्यहाँ दोरङगिनीले "भोलि खीर खानलाई फाल्टु तीनसेर राम्रो दुध ल्याइ देऊ है" भन्दा पुग्दैन, ठेका पुऱ्याउनै मुश्किल छ । भोलि त आउँछु कि आउँदिन भन्छे । यसको जवाफमा "अरूकोमा म कहाँ खोज्न जानु यस्तो पानीमा, तिमीले नै ल्याइदेऊ" भन्छे दोरङ्गिनी । दोरङ्गिनीको उक्त भनाइमा अहं र स्वार्थ देखिन्छ भने कालेकी आमामा कुन्ठा र ईर्ष्या देखिएको छ । कालेकी आमा आफूलाई दोरङ्गिनीसँग तुलना गरेर दुःखी हुन्छे ।

यसरी दिनरात पहिरो र हावाको डरमा बाँचेर, दुई एकर जमिनको माटो वर्षमा दुई चोटि पल्टाएर खेतिपाती गरी जीविका गर्ने कामलाई परिवारको हत्या गर्नु समान ठान्छे । त्यसैले दुवै माउ गाई र कोरलीहरू सोहोमोहो दाम मिलाएर बेच्ने, बारी पनि बेच्ने अनि घर र गोठको टिन एवं काठपात पनि बेचेर पाँच छ रुपैयाँको सानो कोठा लिएर बजारमै डेरा गरेर बस्ने कुरा सोच्छे । आफूले चोकमा सागसब्जी बेच्ने र लोग्ने (कालेको बाबु) ले बढई, राजकर्मी वा चौकीदारीको काम गरेर जीविकोपार्जन गर्ने निर्णय गर्छे र निर्णय गर्न सकेकामा सन्तुष्ट हुन्छे । कालेकी आमा निर्णय लिन सकेकोमा खुशी हुँदै गल्लीको भुजा दोकानमा गएर दुई आनाको चनामटर किनेर झोलामा राख्छे । त्यसपछि कालेकी आमाले त्यही पसलमा सामान किन्न आएकी एउटी दर्जिनीलाई "तिमीहरू बसेको छेउछाउमा कतै कोठा खाली छैन, बैनी ?" भनी सोध्छे । दर्जिनीले "छैन, किन दिदी, तिम्रोतिर पैरो गयो कि...?" भनी सोध्छे । यहाँ दर्जिनीको प्रश्नमा कालेकी आमाको तिर अर्थात् कमान बस्तीतिर पहिराको डर भए पनि आफू बसेको बजार क्षेत्रतिर पहिराको डर नभएको कुराको सन्तुष्टि व्यञ्जित भएको छ । यसबाट कालेकी आमाको अभिमान पनि जागृत हुन्छ र पाँच छ रुपैयाँको सानो कोठा लिएर बजारमै डेरा गरेर बस्ने कुरा सोचेकी कालेकी आमाले आफूले बजारतिर पानी, ट्वाइलेट-वाथरूमको सुविधा भएको दश-पन्ध्र रुपैयाँसम्मको राम्रो घर खोजेको कुरा गर्छे । खिनौरी दर्जिनीले "एउटा कोठा त छ, बिजुलीको अलग्गै दुई रुपैयाँ गरेर बाह्र रुपैयाँ पो तिर्दै थियो एउटा मधेसीले । त्यो गयो, भोलि म खबर गर्छु

नि दिदी !" भन्दा कालेकी आमाले "म आफै भोलि तिम्रोमा निस्किन्छु, यति बेलैतिर निस्किन्छु।" भनेर तत्कालका लागि कुरालाई पन्छाउने प्रयत्न गर्छे। यहाँनेर आइपुग्दा कालेकी आमाको मनमा चलेको हुरी पछाडितिरै फर्केर क्रमिक रूपमा शान्त हुन थालेको कुराको सङ्केत देखिन्छ।

अब कालेकी आमाले बी.बी गुरूङ र चौकीदारनीको घर गरी दुई ठाँउमा दुध बाँडेर फर्किनु थियो। ऊ बी.बी गुरूङको बरन्डामा पुग्दा घरभरि मानिस जम्मा भएका थिए। केही मानिसहरू छाता ओढी बाहिर उभिएर पनि कुरा गर्दै थिए। कालेकी आमा पछिल्तिरबाट घुमेर दुध दिन गई। उसले किन यतिका मान्छे जम्मा भएका हुन भन्ने कुराको सुइँको पाउन सकिन। उसले बी.बी गुरूङका छोराछोरी नभएको हुँदा पक्कै पनि लाग्ने र स्वास्नीमध्ये कुनै एक जनालाई केही भयो होला भन्ने लख काटी। उसले लेडेन ला सडकमा ड्राई क्लिनको दोकान भएको तथा आर्थिक रूपमा राम्रै स्थिति रहेको बी.बी गुरूङकी सन्तानहीन मोटी श्रीमती सेतो बिरालो (निनी) बोकेर भित्र बाहिर गरेको र कहिले परपरका घरतिर पनि पुग्ने गरेको कुरा सम्झी। उसले पल्लो घरबाट आएर दुध थापिदिने आइमाईसँग "के भयो ? किन मान्छे भेला भएका ?" भनेर सोधी। त्यस आइमाईले निनीकी आमा (बी.बी गुरूङकी श्रीमती) राति लडेर बेहोस भएको कुरा बताई। रातको ठुलो पानीमा ढोका बन्द गर्दा सेतो बिरालो (निनी) बाहिर परेछ। पानी थामिएपछि तलतिर खोज्न जाँदा खडाउ चिप्लिएर निनीकी आमा तल बाटामा बजारिन पुगिछ। हतार हतार डाक्टर बोलाउँदा डाक्टर पनि तुरुन्तै आएन र अहिलेसम्म पनि निनीकी आमाको होस फर्केको छैन भन्ने कुरा कालेकी आमाले थाहा पाई। कालेकी आमाले बिस्तारै "जाबो बिरालोले गर्दा पो रछ त !" भनी। सेतो बिरालो चुलाको तातोमा न्यानो मानेर भुत्ला चाट्दै बसिरहेको थियो। त्यहीँ बस्दाबस्दै कालेकी आमाले श्रीमतिको मृत्यु भएकोले बी.बी गुरूङ रुँदै बाहिर निस्केको देखी। यसरी बी.बी गुरूङकी सन्तानहीन श्रीमती बिरालाका लागि लडेर बेहोस भएकी अनि पछि मरेको कुरा थाहा पाएपछि कालेकी आमाको मनमा समस्या एवं दुःख जहाँ पनि हुँदोरहेछ। समस्यासँग भागेर होइन सङ्घर्ष गरेर समाधानमा पुग्नुपर्छ भन्ने कुराको बोध जाग्दछ अनि कालेकी आमाको मनमा चलेको हुरी अवरोहतर्फ लाग्दछ।

अब कालेकी आमाले चौकीदारनीको घरमा दुध दिन बाँकी थियो। चौकीदारनीको घरमा एक पावा दुध भरेर दिएपछि बटुको लिएर आएकी सानी छोरीलाई पनि अलिकति दुध दिएपछि कालेकी आमा भुइँको बोरामा बसी। चौकीदारनीले अँगेठीमा दुध बसाउँदै "बैनीहरूको तिर कस्तो छ ? हुरीले सारो बिगाऱ्यो होला। सखाप पाऱ्यो होला ...." भन्दा कालेकी आमा केही बोल्दिन। चौकीदारनीले पुनः "यता बजारमा त क्यै आपत छैन क्यै डर छैन। तर कमान बस्तीतिर कति दुःख छ, कस्तो बिजोग छ, मलाई थाहा छ। त्यै देखेर हाम्रा बाबुहरू बजार पसेका....भन्दै आफूभन्दा कमजोरसँग तुलना गरी आफू बलियो देखिने गुप्त अहं प्रकट गर्छे। उसको यस्तो भनाइको जवाफमा कालेकी आमा "आपत विपत् जहाँ पनि छ। हो, हुरीले बिगाऱ्यो तर अब सबै ठिक बनाइ हाल्छौं, कुनै नसकिने काम होइन त्यति गर्न। आफ्नो घर छ, गोठ छ, गोठमा गाईहरू छन्, बारी छ, बारीमा तिस चालिस झ्याङ बाँसहरू छन्, गगुन र नेभारोका रूखहरू छन्, काँक्राको लहरा आकाशतिर जाँदैछ .... हुरीले कति पो बिगार्न सक्छ र ? इः अब गएर बनाइ हाल्नु पर्छ...." भन्दै तात्तातो चिया हतारसँग निलेर काँटी किन्न पुग्छे। यहाँसम्म आइपुग्दा कालेकी आमाको मनमा चलेको हुरी शान्त

भइसकेको देखिन्छ। यसरी ऊ पलायनवादी निराशावादी जीवनदृष्टिबाट उज्यालो आशावादी जीवनदृष्टि तर्फ अभिमुख हुन्छे। यहाँ गगुन र नेभारोका रूखहरू एवं काँक्राको लहरा आकाशतिर जानु यही उज्यालो आशावादी एवं स्वाभिमानी जीवनदृष्टिका प्रतीक बनेर आएका छन्।

**निष्कर्ष**

आशावादी जीवनदृष्टि नै यस कथाको विश्वदृष्टि हो। संसारमा कहिल्यै कसैको पनि जीवन सोचेजस्तो हुँदैन। सभ्यताको प्रभातकालदेखि मानिस बाँच्नका निम्ति प्रकृतिसँग सङ्घर्ष गर्दै आएको छ। प्रकृतिले जतिसुकै भयानक विपत्ति एवं विनास निम्त्याए पनि मानिस प्रकृतिसँग पूर्णरूपले हारेको छैन। मानिसले प्रकृतिले गरेको विध्वंश एवं क्षतिलाई पुनर्निर्माण गरेर सच्याउँदै प्रकृतिसँग जुध्दै, सङ्घर्ष गर्दै एवं सिँगौरी खेल्दै सभ्यतालाई यहाँसम्म ल्याइपुऱ्याएको हो। प्रकृतिले गरेको विध्वंश एवं क्षतिलाई मानिसले अन्ततः पुनर्निर्माण गरेर सच्याएको छ। मानिस आदिम युगदेखि सभ्यताको वर्तमान विन्दुसम्म आइपुग्दा प्रकृतिसँग जुध्दै, सङ्घर्ष गर्दै एवं सिँगौरी खेल्दै आइपुगेको हो। मान्छेको हिम्मत र पौरखले नै सभ्यतालाई यहाँसम्म ल्याइपुऱ्याएको हो। सम्पूर्ण सृष्टि एवं जीवन-जगत् नै समस्याग्रस्त छ। अतः आपत्-विपत एवं समस्याबाट भागेर कहीँ जान सकिँदैन। संसारमा कहीँ पनि समस्यामुक्त स्थान छैन। तसर्थ समस्याबाट भागेर होइन सङ्घर्ष गरेर यथासम्भव जीवनलाई सुखी बनाउनुपर्छ भन्ने जीवनवादी दृष्टि नै कालेकी आमा र कालेको बाबुजस्ता दार्जीलिङको पहाडी ग्रामीण क्षेत्रमा थोरै जमीन लिई कृषि एवं पशुपालन गरेर बसेका निम्न तथा निम्न मध्यम वर्गीय प्रवासी नेपालीहरूको विश्वदृष्टिका रूपमा आएको छ।

**सन्दर्भ सामग्री सूची**

अधिकारी, विज्ञान र अन्य (२०७३) अभागी कथाको समाजशास्त्रीय विश्लेषण : विश्वदृष्टिका परिप्रेक्ष्यमा. *सिद्धान्त र समालोचना.* काठमाडौँ : रत्नसागर प्रकाशन गृह।

क्षेत्री, उदय.(२०६४) *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी डीन कार्यालय, कीर्तिपुर।

गुरागाईं, उमादेवी. छिमेकी कथामा विश्वदृष्टि. *प्राज्ञिक विमर्श.* काठमाडौँ : विद्वत् समूह, बागबजार वर्ष, ३, अंक ६।

गोल्डम्यान, लुसिएँ.(सन्१९७६) *टोवार्डस अ सोसोलोजी अफ द नोबेल.* न्युयोर्कः तेभिस्तोक पब्लिकेसन।

........................ (सन् १९८०) एस्से अन मेथड इन द सोस्योलोजी अफ लिट्रेचर. न्युयोर्क : टेलोस् प्रेस।

जैन, निर्मला. (सन् १९९२) *साहित्य का समाजशास्त्रीय चिन्तन.* (दो.सं) दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय, दिल्ली विश्वविद्यालय।

ढकाल, बद्रीप्रसाद. (२०७३) लङ्काकाण्ड कथामा विश्वदृष्टि. *साहित्य र समालोचना.* काठमाडौँ : रत्नसागर प्रकाशन गृह।